पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
प्रदेश नं १, नेपाल
फो.नं. ९७७-०२१-५५५२१२
५५६११२
५५६११३
५५५२९६.
प.सं.
च.नं.

२०७९ माघ १२

# प्रेस विज्ञप्ति

आदरणीय सञ्चारकर्मी ज्यूहरु, हार्दिक अभिवादन ।

कृषि, वन र सिमसारयुक्त पर्यटनको छुट्टै पहिचान बोकेको र बहुजाति बहुभाषी नागरिकहरुको बाहुल्यता रहेको पथरी शनिश्चरे नगरपालिका नीति निर्माणका साथै विकास निर्माणका गतिविधिमा सक्रियतापूर्वक अग्रसर छ । संघीयताको मर्म अनुरुप स्थानीय तहसम्म आएको अधिकारलाई जनताको घरसम्म पुर्‍याई कार्यान्वयन गराउने क्रममा छ । नगरवासीको अपेक्षालाई सबैको सहकार्यमा साकार रुप दिने क्रममा निरन्तर सक्रिय छ । यस कार्यमा राज्यको चौथो अङ्गको रुपमा रहेको सञ्चारकर्मी मित्रहरुको पनि रचनात्मक सहयोग पुग्ने अपेक्षा गर्दै हिउँदे अधिवेशनका रुपमा समेत सम्पन्न नगरपालिकाको २०७९ माघ ११ गतेको बाह्रौ नगरसभाले गरेका निर्णयहरु यहाँहरुका सञ्चारमाध्यममा समाचारको रुपमा प्रकाशित/प्रशारित होउन् भन्ने अपेक्षा सहित विज्ञप्ति मार्फत् जानकारी गराउँदछु । सभाबाट निम्न लिखित निर्णयहरु भएका छन् ।

साथै आर्थिक वर्ष २०७९/०८० को पौष मसान्त सम्म भएको नगरपालिकाको प्रगति विवरण समेत प्रस्तुत गर्दछु ।

नगरसभाका निर्णयहरू :-

१. ११ औं नगरसभाले विनियोजन गरेको स्रोतगत वजेटमा संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरणतर्फ १,८३,६४०।- (अक्षरेपी एक लाख त्रियासी हजार छ सय चालिस), संघीय सरकार राजस्व बाँडफाडतर्फ रु. ५,५९,४६,१५०।- (अक्षरेपी पाँच करोड उनान्साठी लाख छयालिस हजार एक सय पचास) (४५.८४%), प्रदेश सरकारबाट प्राप्त राजस्व बाडफाडतर्फ रु. ४८,४८,५००।- (अक्षरेपी अठ्चालीस लाख अठ्चालिस हजार पाँच सय) (३३%) र मालपोत कार्यालयबाट प्राप्त हुने स्थानीय राजस्वको रकम रु. १,७०,०००,००।- (एक करोड सत्तरी लाख) (७३.४८%) कम प्राप्त हुने अनुमान गर्दा कूल रु. ७,७९,४८,२९०।- (सात करोड उनानसी लाख अठ्चालिस हजार दुई सय नब्बे) आय घटी हुनेदेखि सोही अनुसार योजना तथा कार्यक्रममा वजेट संसोधन गरिएको छ ।

२. पथरी शनिश्चरे नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७९ कार्यपालिका बैठकबाट पारित भइ नगर सभामा पेश हुँदा दफावार छलफल भइ स्वीकृत गरिएको छ ।

३. पथरी शनिश्चरे नगरपालिकाको शिक्षा सम्वन्धमा व्यवस्थापन गर्न बनेको विधेयक २०७९ कार्यपालिका बैठकबाट पारितभइ नगर सभामा पेश हुँदा दफावार छलफल भई स्वीकृत गरिएको छ ।

४. पथरी शनिश्चरे नगरपालिकाले आ.व. २०७८/०८९ को स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनमा ७४ अंक प्राप्त भइ कार्यपालिका बैठकबाट निर्णय भएकोले नगरसभाबाट अनुमोदन गरिएको छ ।

५. पथरी शनिश्चरे नगरपालिकाले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन ६७ अंक प्राप्त भइ कार्यपालिका बैठकबाट निर्णय भएकोले नगरसभाबाट अनुमोदन निर्णय गरिएको छ ।

६. पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिका कार्यालयको पार्किङ रहेको स्थानमा १ नं वडा समितिको कार्यालय भवन निर्माण गर्ने प्रक्रियामा रहेको हुँदा नगर कार्यपालिका कार्यालय भवन भन्दा उत्तरतर्फ रहेको जग्गामा कम्पाउण्ड तथा टहरा निर्माण गरी पार्किङ स्थल निर्माण गर्ने निर्णय गरिएको छ ।

७. पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा गत विगत आ.व.मा घर नक्सा पासको आवश्यक कागजात पेश गरी कार्यालयलाई बुझाउनु पर्ने शुल्क समेत बुझाएको तथा नक्सा प्रमाणित गरी निर्माण सम्पन्न लिन बाँकी रहेकोले इजाजत लिएको २ वर्ष भित्र निर्माण सम्पन्न लिसक्नु पर्ने व्यवस्था रहेको भएता पनि आबश्यक समन्वय हुन नसकी निर्माण सम्पन्न नलिएको कतिपय सेवाग्राहीवाट गुनासो आएको अवस्थालाई मध्येनजर गरी एक पटकका लागि उक्त प्रक्रियामा रहेका घर नक्सा सम्बन्धमा ३५ दिने सूचना जारी गर्ने र उक्त अवधिमा पेश भएका निवेदनको सम्बन्धमा आबश्यक प्रक्रिया बुझी निर्माण सम्पन्न प्रतिलिपी उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरिएको छ ।

८. पथरी शनिश्चरे नगरपालिकाको पश्चिमतर्फ बहने डाँस खोला र पूर्वतर्फ बहने सुनझोडा तथा बक्राहा खोलाको नदीजन्य पदार्थ उत्खनन् संकलन सम्बन्धमा छिमेकी पालिकाहरुसँग समन्वय गर्ने र उक्त सम्बन्धमा जिल्ला समन्वय समिति लगायत सरोकारवाला निकायमा आवश्यक राय तथा समन्वयका लागि प्रक्रिया अगाडि बढाउन कार्यपालिका बैठकबाट निर्णय भइ पेश हुन आएकोले अनुमोदन गर्ने निर्णय गरिएको छ ।

९. पथरी शनिश्चरे नगरपालिका क्षेत्रमा २०३६ साल अगावैदेखि बसोबाँस तथा जोतभोग गरिरहेका तर उक्त जग्गाको जग्गा धनी प्रमाण पुर्जा अर्कै व्यक्तिले प्राप्त गरेको अवस्था रहेकोले त्यस प्रकृतिको जग्गाको मालपोत नगरपालिका र मातहतका कार्यालयबाट लिंदा सोहीलाई प्रमाण मानी विभिन्न वित्तीय संस्थावाट ऋण तथा अन्य वित्तीय कारोवार हुन गई थप समस्या सिर्जना हुनेगरेको हुँदा व्यक्तिको जोतभोग तथा वसोवास र अर्को व्यक्तिको नाममा जग्गा धनी प्रमाण पुर्जा रहेको जग्गाको मालपोत नगरपालिका र मातहतका कार्यालयले नलिने साथै जोतभोगको आधारमा वसोवास गर्ने ब्यक्तिलाई जग्गा धनी प्रमाण पुर्जा प्राप्त गर्ने व्यवस्था हुन संघीय सरकार, प्रदेश सरकार तथा सरोकारवाला निकाय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१०. पथरी शनिश्चरे नगरपालिका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न हेफर संस्थाबाट प्रस्ताव पेश भएको हुँदा हेफरसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

११. पथरी शनिश्चरे नगरपालिका वडा नं १ स्थित पथरी बजारमा रहेको वस स्टेनको कारण वजार क्षेत्रमा भिडभाड भइ सवारी आगमन तथा व्यवस्थापनमा कठिनाइ रहेकोले पश्चिम बस स्टेन्ड पथरी खोला पश्चिम खाली जग्गामा र पूर्व वस स्टेन्ड ट्राफिक प्रहरी कार्यालय रहेको क्षेत्रमा रहँदा सहज हुनेअवस्थालाई मध्ये नजरगरी उक्त स्थानमा वस पार्क चालु गरिएको हुँदा दुवै स्थानमा सार्वजानिक शौचालय निर्माण गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

१२. पथरी शनिश्चरे नगरपालिका क्षेत्रमा सर्पदंश उपचार सेवा नरहेको कारण उपचारको लागि समस्या रहेकोले पथरी नगर अस्पतालबाट उक्त सेवा प्रवाह गर्न आवश्यक अध्ययन गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सम्पूर्ण सञ्चारकर्मी मित्रहरुमा धन्यवाद व्यक्त गर्न चाहन्छु ।



प्रवक्ता
नविन कार्की
पथरी शनिश्चरे नगरपालिका कार्यालय